# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५ र ६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख २४ गते मंगलबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय राष्ट्रपतिबाट २०७६ वैशाख २० गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड)
२. मा० श्री प्रकाशमान सिंह
३. मा० श्री बालकृष्ण खांण
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री देवेन्द्रराज कंडेल
६. मा० श्री उमा रेग्मी

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक आजै आधाघण्टापछि बस्नेगरी दिनको १२:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले २०७६ वैशाख २० गते शुक्रबार सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभामा भएको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री सुजाता परियार
५. मा० श्री गगन कुमार थापा
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री पार्वता डि.सी. चौधरी
९. मा० श्री हिरा गुरुङ्ग
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री सञ्जय कुमार गौतम
१२. मा० श्री देवेन्द्रराज कंडेल
१३. मा० श्री शरतसिंह भण्डारी
१४. मा० श्री अनिल कुमार झा
१५. मा० श्री उमा रेग्मी
१६. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
१७. मा० श्री लक्ष्मी परियार
१८. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
१९. मा० श्री प्रमिला राई
२०. मा० श्री मिनबहादुर विश्वकर्मा
२१. मा० श्री मिना पाण्डे
२२. मा० डा० अमरेश कुमार सिंह
२३. मा० श्री तेजुलाल चौधरी
२४. मा० श्री प्रकाश रसाईली (स्नेही)
२५. मा० श्री रामबहादुर विष्ट
२६. मा० श्री सत्यनारायण शर्मा खनाल
२७. मा० श्री देवप्रसाद तिमलसेना
२८. मा० श्री दुर्गाकुमारी विश्वकर्मा
२९. मा० श्री दुर्गा पौडेल
३०. मा० श्री बालकृष्ण खांण
३१. मा० श्री महिन्द्र राय यादव

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले उक्त स्पष्टीकरणको क्रममा उठेका प्रश्नहरुको सम्बन्धमा स्पष्ट गर्न खोज्नुहुँदा उहाँले “निम्छरा” भन्ने शब्द उच्चारण गर्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर नियमापत्ति गर्नुहुँदै उक्त शब्द सचिवालयको रेकर्डबाट हटाउन निर्देश गर्नुपर्ने माग गर्नुभएपछि सम्माननीय सभामुखले उक्त विषयमा ध्यानाकर्षण भैसकेको र सो विषयमा सम्माननीय प्रधानमन्त्रीको जवाफ पछि निर्णय हुन्छ, मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नहुन पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाली काँग्रेसका मा० सदस्यहरु उभिइरहनुभएपछि सम्माननीय प्रधानमन्त्रीले स्पष्टीकरणको सम्बन्धमा जवाफ दिनुभयो ।

त्यसपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि नै उभिइरहनु भएको अवस्थामा सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिका निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुका संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री राजेन्द्र महतो
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री चन्दा चौधरी
६. मा० श्री चन्द्रकान्त चौधरी

तदुपरान्त सम्माननीय सभामुखले २०७६ वैशाख २० गते शुक्रबार सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम राजश्व र व्ययको वार्षिक अनुमान सभामा प्रस्तुत हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सदनमा छलफल समाप्त भैसक्नुपर्ने भएकोले यही २०७६ साल वैशाख २७ गते शुक्रबारदेखि प्रतिनिधि सभाको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (पूर्व बजेट) सम्बन्धमा छलफल प्रारम्भ हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु हुँदै उक्त दिनहरुमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा मात्र सिमित भई छलफल हुन र दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता प्रतिनिधि मा० सदस्यहरुको नाम बैठक प्रारम्भ हुनुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल वैशाख २७ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव